नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

मितिः २०७७/०९/०२

### जिल्ला प्रशासन कार्यालयको अत्यन्त जरुरी सूचना !!!

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को प्रभावकारी रोकथाम तथा नियन्त्रणको लागि मानिसहरुको अत्यधिक भिडभाडलाई कम गर्दै सामाजिक भौतिक दुरी कायम गर्ने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०७७/०६/०१ जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी गरिएको निषेध आदेश बमोजिम काठमाडौं जिल्लाभरी सवारी साधनहरु जोर बिजोर प्रणाली अनुसार सञ्चालन हुने गरी निर्णय भएकोमा विभिन्न व्यावसायिक प्रतिष्ठान, उद्योग कारखानाहरुले जोर बिजोर प्रणालीमा सवारी सञ्चालन गर्दा आर्थिक गतिविधिमा असर पुगेको भन्ने गुनासो प्राप्त भएको साथै जोर विजोर प्रणालीमा सार्वजनिक यातायात संचालन गर्दा सार्वजनिक सवारी साधनको संख्या कम भई यात्रीहरुको चाप झन बढी भएकोले सर्वसाधारण यात्री महानुभावहरुको सुविधाको लागि बढी संख्यामा सार्वजनिक यातायात संचालन गर्दा कोभिड संक्रमणको जोखिम समेत कम हुने हुँदा कोभिड संक्रमण अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७ पालना गर्ने गरी मिति २०७७/०९/०३ गते विहान देखि लागू हुने गरी काठमाडौं उपत्यकामा सवारी साधनमा लगाइएको जोर विजोर प्रणाली हटाएको व्यहोरा सम्बन्धित सबै नागरिकहरुमा अनुरोध छ । मापदण्ड पालना नगरी सवारी साधन सञ्चालन गरेमा अनुगमन गरी संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०७७/९/२

जीवन प्रसाद दुलाल

सहायक प्रमुख जिल्ला अधिकारी


कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।

फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८

इमेल :daobabarmahal@gmail.com वेवसाइटः daokathmandu.moha.gov.np